आज मिति २०८०/१२/२६ गते यस कपुरकोट गाउँपालिकाको १०८ औ बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा देहायको उपस्थितिमा बसी तपशिलका प्रस्तावहरू माथी छलफल गरि निर्णयहरु गरियो।

उपस्थिति:

| क.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण वोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सदस्य सचिव | |

आमन्त्रित:

श्री विष्णु प्रसाद आचार्य
श्री केशरसिंह खड्का
श्री हुकुम वली

आर्थिक प्रशासन शाखा प्रमुख
कार्यालय सहयोगी
-आ.ले.प.

CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०८०।१२।२६ गतेको १०८ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:**

१. शिक्षा समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।

२. आधारभूत अस्पतालमा स्वास्थ्य बीमा संचालन सम्बन्धमा ।

३. पालिकास्तरिय परीक्षा संचालन समितिको दररेट अनुमोदन गर्ने सम्बन्धमा ।

४. विद्यालय कक्षा मर्ज/प्र.अ. व्यवस्थापन सम्बन्धी कार्यदलको म्याद थप सम्बन्धमा ।

५. बिभिन्न कार्यविधिहरु तर्जुमा सम्बन्धमा ।

६. समिक्षा सम्बन्धमा ।

७. शारदा मेयर कप क्रिकेटमा सहभागी टिमको व्यवस्थापन सम्बन्धमा ।

८. कृषी एम्बुलेन्स खरिद गर्न बजार संचालक समितिलाई अनुदान सम्बन्धमा ।

९. विविध ।

- बजार व्यवस्थापन समितिको खर्च माग ।
- विजय सिं बुढाको JCB माग सम्बन्धमा ।

२०८०।१२।२६

CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०८०।१२।२६ गतेको १०८ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:**

१. यस कपुरकोट गाउँपालिकामा संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा थप संचालन सम्वन्धमा शिक्षा समितिद्वारा मिति २०८०।११।२९ गते गरिएका सबै निर्णयहरु अनुमोदन गर्ने।

२. कपुरकोट गाउँपालिका वडा नं ३ मा संचालन हुँदै आएको धनवाङ्ग स्वास्थ्य चौकी सल्यानलाई स्तरोनन्ती गरि कपुरकोट गाउँपालिका ३ नं वडामा कपुरकोट आधारभुत अस्पताल (५ शैया क्षमताको) संचालन गर्न स्वीकृत गर्ने र उक्त अस्पतालमा तोकिएका सबै मापदण्ड पुगेकोले स्वास्थ्य बिमा बोर्डमा सुचिकरणको लागि बिमा बोर्डसँग अनुरोध गर्ने ।

३. यस कपुरकोट गाउँपालिकाले संचालन गरेको शैक्षिक सत्र २०८० को कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालनका लागि परीक्षा तथा व्यवस्थापन समितिले विभिन्न कार्यका लागि दररेट प्रस्ताव गरी परीक्षाको कार्य गरेकोले परीक्षा समिति हुदै शिक्षा समितिवाट आएको सोही अनुसार खर्चको दररेट अनुमोदनको प्रस्तावलाई अनुमोदन गर्ने ।

४. यस कपुरकोट गाउँपालिकाको हाल सम्मको आय र व्ययको संक्षिप्त विवरण सहितको खर्च विवरण र हालसम्मको समग्र विषयहरुको समिक्षा गरियो ।

५. प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजनाले ५०% अनुदानमा समुह,सहकारी लगायतका संस्थाहरुलाई मात्र दिने भएकोले उक्त कार्य गर्न कपुरकोट कृषि उपज वजार संचालक समितिलाई सो शिर्षकको रकम रु १५ लाख अनुदान उपलब्ध गराउने ।

६. शारदा नगरपालिकामा संचालन हुने मेयर कप क्रिकेट खेलमा सहभागी खेलाडीहरुलाई व्यवस्थापनका लागि सामाग्री खरिद लगायतको कामका लागि रु १२००००।(अक्षेरपि एक लाख २० हजार मात्र ) अध्यक्षकप खेलकुद शिर्षकवाट भुक्तानी हुनेगरि उपलब्ध गराउने र कपुरकोट गाउँपालिका खेलकुद विकास समिति र जिन्सी ईकाईले सोको व्यवस्थापन गर्ने ।

७. विद्यालय मर्ज कक्षा मिलान तथा प्रधानाध्यपकहरुको व्यवस्थापन सम्वन्धी अध्ययन कार्यदलको म्याद २०८१ बैसाख१५ गते सम्मलाई थप गर्ने ।

८. कपुरकोट जागरण अभियान र एकिकृत कृषि विकास कार्यक्रम अनुसारका पालिकाले निर्धारण गरेका लक्ष्यहरु हासिल गर्न न्युनतम समर्थन मुल्य निर्धारण,उत्पादनमा आधारित अनुदान कार्यान्वयन,हाट वजार संचानलन तथा व्यवस्थापन, चिस्यान केन्द्र र कृषि एम्बुलेन्स संचालनएवंम कृषि वजारको राजश्व संकलन सम्वन्धमा यथासक्य सम्बन्धित कार्यविधिहरु तर्जुमा गर्ने ।

प्रतिलिपि

CamScanner

९. विजय सिं बुढाले माग गरेवमोजिम खाली सल्लाम पहिरोले बारी नस्ट गरेकोले ५ घण्टाको लागि गाउँपालिकाको JCB मेसिन मर्मतसम्भार कोषबाट खर्च व्यवस्थापन गर्नेगरी निशुल्क उपलब्ध गराउने ।

१०. कपुरकोट बजार व्यवस्थापन समितिले डस्टविन व्यवस्थापन सम्वन्धमा काम गरि भुक्तानि माग गरेको सम्वन्धमा विल अनुसारको रकम विविध शिर्षकबाट भुक्तानि गर्ने ।

११. हालसम्मका पालिकास्तरिय अनुगमन समिति र योजना जाँचपास तथा फरफारक समितिका सबै निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय प्रमाणित
२०८१।१२।२८